# रोम विधान अनुमोदन गर्न माग

गोरखापत्र समाचारदाता

काठमाडौं, भदौ ११ गते। नेपाल अहिले लोकतान्त्रिक बाटोमा अघि बढिरहेको अवस्थामा दण्डहीनताको अन्त्यका लागि अन्तर्राष्ट्रिय फौज्दारी अदालतसम्बन्धी रोम विधानलाई अनुमोदन गर्नुपर्ने कुरामा जोड दिइएको छ। नेपाल भ्रमणमा आएको अन्तर्राष्ट्रिय फौज्दारी अदालतसम्बन्धी एसियाली प्रतिनिधिमण्डलका सदस्यहरूले आज राजधानीमा आयोजित पत्रकार सम्मेलनमा नेपाली जनताले लोकतन्त्रको पक्षमा जसरी शान्तिपूर्ण आन्दोलनका माध्यमबाट अभिमत प्रकट गरी विश्वलाई नयाँ सन्देश दिए, त्यसैगरी रोम विधान अनुमोदन गरेर अन्य मुलुकहरूलाई पनि उदाहरण प्रस्तुत गर्नुपर्नेमा जोड दिए। उनीहरूले विधानको अनुमोदनले दण्डहीनतालाई चुनौती दिनुका साथै त्यसलाई उन्मूलन गर्ने र मानवअधिकारविरोधी कानुनहरू संशोधन गर्न पनि सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन्।

एसियन नेटवर्क फर आइसीसीका अहमद जिउँदाइनसहितको त्यस टोलीले नेपाल बसाइँका

(बाँकी ३ पृष्ठमा)

# रोम विधान अनुमोदन...

क्रममा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री केपी शर्मा ओली, सभामुख सुभाष नेम्वाङलगायत राजनीतिक दलका नेतासँग भेट गरिसकेको छ। भेटका अवसरमा राजनीतिक तहबाट धेरै सकारात्मक जवाफ पाइएको प्रतिनिधिमण्डलका सदस्यहरूले बताएका छन्।

टोलीले नेकपा (माओवादी)का प्रतिनिधिसँग भेट गर्ने समय लिएको भए पनि अन्तिम अवस्थामा माओवादीका तर्फबाट भेट रद्द गरेकोमा दुःख व्यक्त गरेको छ।

पत्रकार सम्मेलनमा विधान अनुसार युद्ध अपराध, मानवताविरुद्धको अपराध र आमनरसंहारजस्ता अपराधमा मात्र अन्तर्राष्ट्रिय फौज्दारी अदालतमा मुद्दा चलाउन सकिने बताइयो। साथै, सो विधानका प्रावधान 'भूत प्रभावी' नहुने हुँदा त्यसबाट विगतमा गरेका अपराधमा कुनै मुद्दा नचल्ने तथा देशको कानुन वा न्यायिक निकायबाट कारबाही हुन नसकेको प्रमाणित गर्नसके मात्र त्यस्ता मुद्दालाई अन्तर्राष्ट्रिय फौज्दारी अदालतमा सुनुवाइ हुने प्रावधान रहेको पनि पत्रकार सम्मेलनमा जानकारी गराइयो।

GORKHAPATRA DAILY (NEPALI)
28 August 2006